# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१२/२० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी जिल्ला अछाम, मेल्लेख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भई कार्यरत रही हाल जिल्ला नुवाकोट किस्पाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत धुर्व, धुर्व भन्ने ध्रुर्व प्रसाद सापकोटा<br>मु.नं (०८१-CR-००४७)<br>फैसला मिति २०८२/०१/०४ | घुस/ रिसवत दिई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• ध्रुर्व प्रसाद सापकोटालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) ले परिभाषा एवं निषेध गरे बमोजिम प्रतिवादीले आफू विरुद्धको अनुसन्धानमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरमा उ.द.नं.८०८१C-०३०७७३, मिति २०८०।०८।१० मा दर्ता भएको उजुरीको कारवाहीबाट उन्मुक्ति पाउन अनुसन्धान अधिकृत नारायण सिंह विष्टलाई मनाउने र मुद्दा रापसाप पार्ने उद्देश्यले घुस रिसवत रकम दिएको देखिंदा सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिमको कसूरमा बिगो रु.१,००,०००।–(अक्षरेपी एक लाख) कायम गरी निज प्रतिवादी धुर्व भन्ने ध्रुर्व प्रसाद सापकोटालाई सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो रु.१,००,०००।– (अक्षरेपी एक लाख) सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी धुर्व, ध्रुव भन्ने ध्रुव प्रसाद सापकोटाले घुस रिसवत दिने नै मनसायले ल्याएको रकम भए पनि लेनदेनको कार्य पूरा भएको अवस्था देखिन नआएकोले आरोप दावी बमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ अनुरुपको कार्य पुरा भएको देखिएन। यस अवस्थामा सोही ऐनको दफा २१ अनुरुप सोही दफा ३ को उपदफा (३) को रिसवत दिने कसुरको उद्योग सम्म गरेको देखिंदा निज प्रतिवादी ध्रुव प्रसाद सापकोटालाई सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिमको कसुरको उद्योग गरेको कसूरमा सोही ऐनको दफा ३ को उपदफा (३) र उपदफा (१) को खण्ड (ग) बमोजिम हुने सजायको आधा अर्थात ५ महिना कैद सजाय हुन सक्ने आधारमा २ (दुई) महिना १५ दिन कैद र बिगोको आधा रु ५०,०००।—(पचास हजार | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीले रिसवत दिने नै मनसायले रकम ल्याएको भए पनि लेनदेनको कार्य पुरा भएको अवस्था देखिन नआएकोले आरोप दाबी बमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ अनुरुपको कार्य पुरा भएको देखिएन।<br>• रिसवत लिई सकेको अवस्था नदेखिंदा विगो जफत गर्न मिलेन। | • प्रतिवादी ध्रुर्व प्रसाद सापकोटा उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरमा जिल्ला अछाम, मेल्लेख गाउँपालिकामा आ.व.२०७९/०८० मा लघु उद्यम विकास कार्यक्रम, मेशिनरी औजार र फर्निचर खरिदमा अनियमितता गरेको भन्नेसमेत व्यहोराको उजुरी उ.द.नं.८०८१C-०३०७७३, मिति २०८०।०८।१० गते दर्ता भएको देखिन्छ, उक्त उजुरीको विस्तृत अनुसन्धान कार्य गर्न प्रहरी निरीक्षक नारायण सिंह विष्टलाई अनुसन्धान अधिकृत तोकिएको र निज अनुसन्धान अधिकृतले प्रतिवादी ध्रुर्व प्रसाद सापकोटाको बयान लिने लगायतको अनुसन्धानको कार्य गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ। सोही उजुरीको सिलसिलामा आयोगको कार्यालय कञ्चनपुर कार्यालयमा प्रतिवादी ध्रुर्व प्रसाद सापकोटा हरियो रंगको झोला सहित आयोगको कार्यालय कञ्चनपुरमा प्रवेश गरी अनुसन्धान अधिकृत नारायण सिंह बिष्टको कार्यकक्षमा प्रवेश गरेको CCTV Footage, गेट पास, गेट पास रजिष्टरको प्रतिलिपि लगायतका कागज प्रमाणबाट देखिन्छ। निज प्रतिवादी ध्रुर्व प्रसाद सापकोटाले आयोगका अनुसन्धान अधिकृत नारायण सिह विष्टको कार्यकक्षमा निजको सहयोगी प्र.ह. नविन राज भट्टसँगै रहेको अवस्थामा नै निज समेत संलग्न रहेको उजुरी उ.द.नं.८०८१C-०३०७७३, मिति २०८०।०८।१० गतेको उजुरी फरफारक गर्न गराउन प्र.नि. नारायण सिंह बिष्टलाई रु.१००,०००।–( अक्षरेपी एक लाख रुपैयाँ) घुस रिसवत दिएकोमा उक्त घुस रिसवत दिएको सम्बन्धमा प्र.नि. नारायण सिंह बिष्टले आयोगको कार्यालय कञ्चनपुरका कार्यालय प्रमुख माधव प्रसाद पोखरेललाई जानकारी गराएको देखिन्छ। उक्त घुस/रिसवत दिनलाई लिएको सो रकम निज ध्रुर्व प्रसाद सापकोटाले आफ्नो खाता नं. २७७७०५१२०१८०००२८ बाट महेन्द्रनगर स्थित रहेको प्रभु बैंकको ए.टि.एम. (ATM) बाट मिति२०८१।०८।२८ गते रु.२५,०००/- (पच्चीस हजार) को दरले ४ चोटी गरी रु.१,००,०००/- (एक लाख) रकम निकालेको प्रभु बैंक लिमिटेड, बबरमहल काठमाडौंको पत्र सख्याःPRABHU/CMP/३२५९/२८६०/०८१-८२, मिति २०८१।०९।०५ गतेको पत्र साथ पठाएको बैंक स्टेटमेन्टको व्यहोराबाट खुल्न आएको देखिन्छ। उक्त घुस रिसवत दिएको वारदात भए लगत्तै घटनाको सम्बन्धमा श्रव्य दृष्य अभिलेख गर्ने प्रयोजनका लागी जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं.४ का वडा अध्यक्ष शुसिल कुमार भट्ट, जिल्ला प्रशासन कार्यालय कञ्चनपुरका प्रशासकीय अधिकृत सरिता देवी पन्थी, आयोगमा कार्यरत प्र.नि. नारायण सिंह बिष्टसमेतको रोहवरमा तयार गरेको श्रव्य दृष्य संवाद लिएको अभिलेखको मुचुल्का तयार गरेको देखिन्छ भने सो श्रव्य दृष्यको स्क्रिप्ट राईटिङ्गमा प्रतिवादी ध्रुव प्रसाद सापकोटाले **"मलाई आयोगबाट बोलाएको थिएन, म आफै सरलाई भेटछु भनेर आएको थिए, गेटमा मैले डकुमेन्ट बुझाउनु छ भनेर ईन्ट्री गराई झोला लिएर आएको हो, उक्त झोला भित्र A४ साईजको एउटा खामभित्र कागजातहरु र A४ साईजको अर्को खामभित्र रु.१,००,०००/- (एक लाख) रकम मैले चाहि यसो सरले सहयोग गरी दिनु हुन्छ भन्ने मनसायले लिएर गएको हो"** भन्ने समेत व्यहोराको वार्तालाप देखिएको छ। **डिजिटल फरेन्सिक युनिटको परीक्षण प्रतिवेदनमा उक्त श्रव्य दृष्य सहितका** परीक्षणको लागी प्राप्त भएको Pen Drive मा रहेको video recorded date र audio video मा छेडखानी सम्बन्धि UFED forensic tools बाट परीक्षण गर्दा **EXTRACTION FILE DATA INTEGRITY INTACT** भन्ने व्यहोराको परीक्षण प्रतिवेदन समेतबाट प्रतिवादी ध्रुवप्रसाद सापकोटा कागजात दिने बहानामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरमा आई कागजात संगै A४ साइजको पहेंलो कलरको खामभित्र लुकाएर ल्याएको रु.१,००,०००/- (एक लाख) रकम अनुसन्धान अधिकृत नारायण सिंह विष्टलाई मुद्दा मिलाई दिनुपर्यो, यो झोला भित्रको पैसा तपाईको लागि लिएर आएको हुँ, तपाई नै राख्नु भनी प्रतिवादी धुर्व भन्ने ध्रुर्व प्रसाद सापकोटाले प्र.नि. नारायण सिंह बिष्टलाई घुस रिसवत रकम दिएको अवस्थामा पक्राउ परेबाट निज प्रतिवादी धुर्व भन्ने ध्रुव प्रसाद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रुपैयाँ) जरिवानाको सजाय हुने ठहर्छ र रिसवत लिई सकेको अवस्था नदेखिंदा बिगो जफत गर्न मिलेन। साथै निज प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु.२,०००।—(दुई हजार रुपैयाँ) पीडित राहत कोषमा दाखिला गर्नुपर्ने समेत ठहर गरी विशेष अदालतबाट फैसला भएको देखिन्छ। | | सापकोटाले आफुसँग सम्बन्धित मुद्दाको अनुसन्धानलाई प्रभावित पार्ने मनसायले घुस रकम अनुसन्धान अधिकृतलाई खामबन्दी गरी रु.१,००,०००।-(अक्षरेपी एक लाख रुपैयाँ) कागजपत्रका साथ संलग्न राखी दिएको अवस्थामा बरामद भएको देखिंदा देखिंदै उक्त प्रमाणलाई नजरअन्दाज गरी प्रतिवादी ध्रुव प्रसाद सापकोटालाई आरोप दावी बमोजिमको कसुर ठहर नगरी केवल उद्योगको कसुरमात्र ठहर गरी भएको उक्त फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• **ख.** भ्रष्टाचारको पूर्ण कसुर Completed Corrupted Offence हुनको लागी कसुरका सबै तत्व (Ingredients पुरा भई सकेको हुनुपर्छ। घुस रिसवत दिने मनसाय (Mens rea), घुस रिसवत दिने कार्य (Actus reus), दिएको घुस रिसवत को रकम दिने व्यक्तिबाट सरि सकेको (Transfer) र बरामद भएको (Seized/Recovered by police) अवस्थामा भ्रष्टाचारको पूर्ण अवस्था भएको मानिन्छ। प्रतिवादी ध्रुव प्रसाद सापकोटाले आफुसँग सम्बन्धित मुद्दाको अनुसन्धानलाई प्रभावित पार्ने मनसायले उक्त मुद्दा मिलाई दिने प्रयोजनको लागि अनुसन्धान अधिकृतलाई खामवन्दी गरी रु.१,००,०००।-(एक लाख रुपैयाँ) घुस रकम मुद्दासँग सम्बन्धित कागजपत्रका साथ संलग्न राखी दिएको अवस्थामा बरामद भएको र सो रकम घुस नै दिने प्रयोजनको लागि निज प्रतिवादीको नाममा रहेको प्रभु बैंकको खाता नं. २७७७०५१२०१८०००२८ बाट महेन्द्रनगर स्थित रहेको प्रभु बैंकको ए.टि.एम. (ATM) बाट मिति २०८१।०८।२८ गते रु.२५,०००/- (पच्चीस हजार) को दरले ४ चोटी गरी रु.१,००,०००/- (एक लाख) रकम निकालेको देखिएको र सोही मितिमा रिसवत वापत सो रकम दिएको अवस्थामा बरामद समेत भएको देखिंदा देखिंदै उक्त घुस दिने प्रयोजनको लागि ल्याएको रकम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत गर्नु पर्नेमा बरामद भएको उक्त अपूर्ण कसुर उद्योग को परिभाषा भित्र पर्ने गरी गलत व्याख्या गरी प्रतिवादीलाई कम सजाय हुने ठहर गरी फैसला भएको र सो बरामद भएको रकम रु.१,००,०००।—(एक लाख रुपैया) जफत गर्नुपर्नेमा जफत नहुने र दशीको रुपमा पेश भएको उक्त रकमको सम्बन्धमा केही पनि उल्लेख नगरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेकाले बदर भागी छ।<br>• अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाणहरुबाट विशेष अदालत काठमाण्डौबाट प्रतिवादी ध्रुव प्रसाद सापकोटालाई आरोपदावी भन्दा फरक भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २१ बमोजिम घुस रिसवत कसुरको उद्योगको कसुर ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले प्रतिवादी ध्रुव प्रसाद सापकोटालाई आरोप पत्र मागदावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ। |